मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
मलंगवा, सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

पत्र सख्या :

सूचना ! सूचना !! सूचना !!!

सूचना नं. २१/२०८३-८४

बीउ बिजन आत्मनिर्भर कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८३।०७।१९

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ. व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **बीउ बिजन आत्मनिर्भर कार्यक्रम** संचालन गर्न यस जिल्ला भित्रका इच्छुक मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन,प्रशोधन तथा बजारीकरणको लागि इजाजतपत्र प्राप्त गरेका कृषि सहकारी वा कृषक समूह वा फार्म वा कम्पनी वा उद्योगले प्रथम पटक सूचना प्रकाशित मितिले २१ दिन भित्र माग गरिएका आवश्यक कागजातहरु सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु:

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा सम्पूर्ण विवरण स्पष्ठ रुपमा भरिएको प्रस्तावना फारम ।
२. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालय वा स्थानिय तह कृषि विकास शाखाको सिफारिस।
४. लाभान्वित वर्गको बीउ बिजनको क्षेत्रमा अनुभव।
५. लाभान्वित वर्गको लगानिको सुनिच्श्रितता।
६. प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल/संख्या।
७. पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, एक वर्षभन्दा पुरानो लाभग्राहीको हकमा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि।
८. कार्यक्रममा सहभागि हुने कृषकहरुको जग्गा धनीपूर्जाको प्रतिलिपि ।
९. आवेदक संस्थाले गर्नु पर्ने बैंकको कर्जा लगानीको सुनिश्चितता पत्र वा आफै सक्षम भएको अवस्थामा बैंक खाताको स्टेटमेन्टको प्रतिलिपि ।

अनुदानका शर्तहरु:

- मूल/स्रोत/ प्रमाणित/उन्नत बीउ उत्पादन कार्यक्रम अन्तर्गत आवश्यक पूर्वाधार तथा अन्य व्यवस्थापनमा सहयोग ।
- पोष्टहार्भेष्ट सेन्टर स्थापना (गोदाम भवन, बीउ सुकाउने floor) गर्न सहयोग ।
- खाद्यान्न, दलहन र तेलहन बालीको गुणस्तरीय बीउ उत्पादन अन्तर्गत ड्राईङ्ग, प्रशोधन,बीउ परीक्षण, ट्रिटीङ्ग, प्याकेजिङ, लेबलिङ, ढुवानी, भण्डारण, वितरण तथा बजारिकरण सम्बन्धी कार्यहरुमा प्रोत्साहन/अनुदान ।
- यस कार्यक्रमको स्वीकृत बजेटको परिधी भित्र रहि कार्यक्रम संचालन गरिने छ ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यबिधि परिमार्जन/संशोधन, थप/घट भएमा सोहि अनुसार हुनेछ ।
- गत आ.व. मा अनुदान नपाएका, उन्नत प्रबिधि अवलम्बन गरेका व्यावसायिक खेती गर्ने, बढी लागत सहभागिता भएका व्यक्तीलाई प्राथमिकता दिइनेछ ।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्ध हुनेछ ।
- रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- यो कार्यक्रम बीउ बिजन आत्मनिर्भर कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि,२०८३ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६, (पहिलो संशोधन) २०७७ मा व्यवस्था भए बमोजिम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने/नगर्ने लगायत यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

नोटः विस्तृत जानकारीको लागि, कार्यक्रम संचालन सम्बन्धी विस्तृत सूचना, कृषि ज्ञान केन्द्र सर्लाही, बाली विकास अधिकृत श्री कबिन्द्र सिंह ठगुन्ना (९७०२६२६४८९), कृषि अर्थ विज्ञ श्री ममता साह (९७६८६२५२३७) प्राविधिक सहायक श्री नवीन कुमार अधिकारी (९८४८२९११२७) लाई सम्पर्क गर्न सकिने छ । साथै यस कार्यालयको फेसबुक पेज र वेवसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।

कमलदेव प्रसाद कुशवाहा
प्रमुख (दशौं तह)